प्रदेश सरकार

प्रदेश नं ५

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

बुटवल,नेपाल

प.सः ०७७/०७८
च.नः

मितिः २०७७।०४।२१

**विषय : प्राविधिक तथा बहुप्राविधिक विद्यालयहरुलाई प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस आ.व. ०७७/७८ को वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. ५ अन्तर्गत नयाँ तथा सञ्चालनमा रहेका प्राविधिक तथा बहुप्राविधिक विद्यालयहरुलाई उक्त विद्यालयले पेश गरेको प्रस्तावना पत्रका आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले प्राविधिक धार सञ्चालन गरिरहेका र सञ्चालन गर्ने नयाँ अनुमति प्राप्त गरेका विद्यालयहरुले कार्यक्रमको विस्तृत विवरण र कार्यान्वयन योजना निर्माण गरि व्यवस्थापन समितिको निर्णय सहित तपसिलको ढाँचामा रहि मिति २०७७/०५/२० गते भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। (प्रस्तावनाको साथमा गत आ.व. को सामाजिक परीक्षण र लेखा परीक्षणको प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ) सूचनाको म्यादपछि प्राप्त हुने प्रस्तावना उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई अनुरोध छ ।

**प्रस्तावनाको ढाँचा**

१. विद्यालयको संक्षिप्त चिनारी

२. विद्यालयको भौतिक अवस्था
   - क) क्षेत्रफल, भवन कक्षा कोठा र फर्निचर समेत
   - ख) खेल मैदान
   - ग) कम्पाउन्ड वाल
   - घ) खानेपानीको अवस्था
   - ङ) शौचालयको अवस्था(छात्र छात्रा)
   - च) प्रयोगशालाको अवस्था
   - छ)अन्य.........

३. विद्यालयको व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यालयमा गठन गरिएका अन्य समितिहरु सम्बन्धी विवरण

४. विद्यार्थी संख्या (छात्र छात्रा सहित)

५. शिक्षक विवरण (तहगत, स्वीकृत दरबन्दि,राहत अनुदान, निजी श्रोतका सबै शिक्षकको विवरण शैक्षिक योग्यता सहित)

६. प्राविधिक विद्यालयतर्फको विवरण
   - क) कक्षा सञ्चालन गर्ने अनुमति सम्बन्धी विवरण। हरेक कक्षाको कक्षा सञ्चालन गर्ने अनुमति पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।
     कक्षा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकाय (शिक्षा विभाग, स्थानीय तह,प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद)
   - ख) प्राविधिक धारको किसिम
   - ग) प्राविधिक धारको शिक्षक विवरण योग्यता र अनुभव सहित
   - घ) विद्यार्थी विवरण प्राविधिक धारको मात्र(कक्षागत)
   - ङ) हालसम्मको नतिजा विश्लेषण(प्राविधक धारको मात्र)
   - च) प्रयोगशालाको अवस्था- साविकको शिक्षा विभागबाट र अन्य संस्थावाट प्रयोगशाला व्यवस्थापनका लागि प्राप्त अनुदान (शुरु देखि हालसम्म) रकम रु...........
   - छ) अनुदानबाट व्यवस्थित गरिएको प्रयोगशालाको अवस्था (प्रयोगशालामा भएका सामाग्री कार्यरत शिक्षकबाट तयार गरि प्रधानाध्यापकबाट प्रमाणित गरी संलग्न गर्नुपर्नेछ)

७. प्रस्तावनाको उदेश्य

८. कार्य योजना प्रतिफल सुचक सहित

९. अनुमानित लागत

१०. अपेक्षित नतिजा

११. जोखिम

१२. निष्कर्ष

मनोज कुमार